★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

२०२७ (1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति: २०७९।०२।३१

श्री कार्यालय प्रमुख ज्यु,
वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र
मध्य बानेश्वर, काठमाडौं ।

**ज्ञापन - पत्र**

नेपाल विद्यार्थी संघले शैक्षिक, सामाजिक र राजनीतिक आन्दोलन मार्फत आम विद्यार्थी तथा नागरिकका हक र अधिकार सुनिश्चित गर्नका लागि पहल गर्दै अघि बढेको सर्वविदितै छ । राज्यले प्रदान गर्ने सेवा र सुविधामा विभिन्न क्षेत्र र समुदायका जनताको पहुँचका लागि पहिचान र समावेशिताको उचित सम्बोधन हुनुपर्छ भन्ने संवैधानिक, राजनीतिक र सामाजिक मान्यता पनि हाम्रा आन्दोलनका उपलब्धी हुन् । यस सन्दर्भमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले मिति २०७९/२/२५ गतेका दिन निर्णय गरेर आदिवासी, दलित, जनजाती विद्यार्थीलाई सहुलियतमा विद्युतीय चुल्हो वितरण गर्ने निर्णय स्वागत योग्य नै छ । साथै बदलिंदो सामाजिक र आर्थिक परिवेशमा विद्यार्थीका समस्या साझा छन् । सबै जसो विद्यार्थीहरुका मानक शैक्षिक संस्थामा आबद्धता, शैक्षिक तह र वर्ग, विषयको छनौट, पाठ्यक्रम र सिकाइ प्रतिको लगाव पनि हुन् । तसर्थ, आवश्यकताका सिद्धान्त अनुसार सम्पूर्ण विद्यार्थीहरुलाई सहुलियतमा विद्युतीय चुल्हो वितरण गर्नका लागि अनुरोध गर्दै वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र समक्ष ने.वि.संघ यो ज्ञापन-पत्र प्रस्तुत गर्दछौं ।

जय नेपाल ।

बोधार्थ
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

दुजाङ शेर्पा
अध्यक्ष

P.O. Box : 7726, Anamnagar, Kathmandu, Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np